"समृद्ध नगर, खुशी नगरवासी"

# गुर्भाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

फोन ०८३-४१००७२
E-mail: sktgurbhakotmun@gmail.com
website : gurbhakotmun.gov.np

मिति २०८०/०३/०३

**विज्ञप्ति**

केहि दिन पहिले सामाजिक सञ्जालमा नेपाल सरकारका उपप्रधानमन्त्रीको संरक्षणमा सुर्खेतमा ठुला भष्ट्राचार प्रकरण दबाउने प्रयास शिर्षक राखि म लगायत केहि अग्रज व्याक्तित्वहरुको समेत तस्विर राखि अतिशयोक्ति एवं भ्राम्रक समाचार प्रकाशन गरेकोमा मेरो गम्भिर ध्यानार्कषण भएको छ। वास्तविकताको सामान्य गहिराई सम्म पनि नपुगी विषयवस्तुलाई नियोजित,कपोकल्पित र पूर्वाग्रहपुर्ण तरिकाले प्रस्तुत हुनु विडम्वनापूर्ण र अत्यन्त दुखद छ ।

यस नगरपालिका र नमुना समाज,सुर्खेत विच २०७६/०३/०१ गते उद्यमशिलता परियोजना सम्बन्धी सम्झौता भई मिति २०७९/०३/३० गते भित्र सक्ने गरि संस्थाले दातृ निकायबाट सहयोग लिई ७० प्रतिशत र नगरपालिकाको ३० प्रतिशत साझेदारीमा कामकाज गर्नको लागि रु २५ लाख पेश्की रकम उपलब्ध गराईएको हो। सो संस्थाले सम्झौता अनुरुप काम गर्न नसकेकोले नगर कार्यपालिकाले संस्था संगको सम्झौता रद्द गरि पेश्की रकम दाखिला गर्न पटक पटक ताकेता समेत गरिएको एवं पेश्की रकम असुली गर्न र कानूनी कारवाहिको लागि जिल्ला प्रशासन कार्यालय,सुर्खेत लाई पत्राचार समेत गरिएको हो । उक्त संस्थाले कोविड १९ को बन्दाबन्दिको कारण बाह्य दातृ निकायबाट सहायता रकम निकासा हुन नसकेकोले सम्झौता मुताविक काम गर्न नसकिएको भनी नमुना समाज,सुर्खेतले मिति २०७९/१२/०८ गते यस नगरपालिकाको सञ्चित खातामा नियमानुसार रकम दाखिला गरेको हो ।

सामाजिक सञ्चालनमा प्रकट भएको अनुसार गुर्भाकोट नगरपालिकाको मेयरले ३२ लाख रकम दाखिला गरी उम्कने प्रयास गरेको भन्ने आरोपको खण्डन गर्न चाहान्छु र प्रमाणित गर्न पनि चुनौति पनि दिन चाहान्छु। म सधै कानूनी राज्य,सुशासन र भष्ट्राचाररहित समाजको वकालत गर्दै आएको र सदैव वकालत गर्दै जाने प्रण पनि गर्दछु । मिथ्या,अप्रमाणित र सस्तो लोकप्रियताको लागि विषयवस्तुलाई सामाजिक सञ्जालमा सञ्जालिकृत नगर्नहुन र गराउन प्रोत्साहन नगर्नहुन समेत सबैमा अनुरोध गर्दछु ।अन्यथा कानूनी उपचार खोज्न बाध्य हुने समेत जानकारी गराउदछु ।

गुर्भाकोट नगरपालिकाको विकास,सेवा प्रवाह र सुशासनका क्षेत्रमा रचनात्मक सुझावहरु प्रकट गरि सरकारलाई थप गतिशिल,जिम्मेवार र जनउत्तरदायी बनाउनहुन अनरोध गर्दछु र सरकारलाई रचनात्मक र सकरात्मक तवरबाट सुझाव र जिज्ञासा राख्नेहरु संग सधै सहकार्य र हातेमालो गरि अगाडि बढ्ने समेत जानकारी गराउदछु ।

हस्त पुन
नगरप्रमुख